अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २५ गते (10th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EMERALD ISLE NEPAL PVT. LTD.** (GULMI OVERSEAS PVT LTD)
श्रम इजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com, cv.einepal@gmail.com


## नेत्रावती डबजोङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सेमजोङ, धादिङ
बागमती प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(पहिलो पटक प्रकाशित मिति २०७९/०५/१८)

यस नेत्रावती डबजोङ गाउपालिकालाई तपशिल बमोजिमका सामग्रीहरु खरिद तथा ढुवानी शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा गराउन पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक फर्महरु तथा सप्लायर्सहरुले निम्न शर्तको अधिनमा रही रितपुर्वक गोप्य शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१) शिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले पन्ध्र दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको रकम (पछि फिर्ता नहुने गरी) बुझाएको रसिद आ. व. ०७९/८० को लागि नविकरण भएको इजाजतपत्र र आयकर दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धिकर कार्यालयमा दर्ता भएको प्रमाणपत्र आ. व. ०७७/७८ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि इजाजत फर्महरु तथा सप्लायर्सहरुले वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रितपुर्वक निवेदन दिइ यस कार्यालयबाट छुट्टाछुटै बोलपत्र फारम खरिद गर्न वा तल उल्लेखित भए अनुसारको शिलबन्दी दरभाउपत्र दस्तुर राष्ट्रिय वाणिज्य बैंक नेत्रावती शाखाको कोड नं. ५१७ नेत्रावती डबजोङ गाउपालिकाको आन्तरिक राजस्व खाता नं. ग १-१ को ५१७०१००३०१०१०००२ खातामा जम्मा गरेको बैंक भौचर आवश्यक पर्नेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत शिलबन्दी दरभाउपत्र प्रक्रियामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of attorney) पेश गर्नु पर्नेछ ।

२) खरिद भएका शिलवन्दी दरभाउपत्रको प्रत्येक आइटम प्रष्ट संग भरी, प्रत्येक पानामा सहि छाप र शिलबन्दी गरी खाम बाहीर फर्मको नाम, ठेगाना र काम लेखी सूचना प्रकाशित भएको मितिले सोह्रौं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र सोही दिनको दिउसो २:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि सो शिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) शिलवन्दी दरभाउपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित भएवमोजिम पेश गर्ने मिति देखि धरौटी जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेत्रावती शाखामा रहेको धरौटी खाता नं. ग -३ को ५१७०१००३०३०१०००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ९० दिन म्याद भएको शर्तरहित बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नुपर्नेछ ।

४) शिलवन्दी दरभाउपत्रदाताले आफुले कवोल गरेको अंक मूल्य अभिवृद्धि कर बाहेकको हुनुपर्नेछ ।

५) शिलबन्दी दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाइ मान्यता दिइनेछ ।

६) शिलबन्दी दरभाउपत्र शर्तरहित, यस कार्यालयले उपलब्ध गराएको शिलबन्दी दरभाउपत्र पुस्तिकामा दररेट भर्दा केरमेट भएमा सहिछाप भएको हुनुपर्नेछ, समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको शिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।

७) कार्यालयको हितलाई ध्यानमा राखि कुनै पनि कारण जनाइ वा नजनाई शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) प्रचलित ऐन, नियम अनुसार लाग्ने सम्पुर्ण करहरु शिलवन्दी दरभाउपत्र स्वयंले व्यहोर्नुपर्नेछ ।

९) एक फर्मको नाममा खरिद भएको शिलबन्दी दरभाउपत्र कागजात अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

१०) शिलबन्दी दरभाउपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खुलेको दिन क्रमश: माथि उल्लेख भएका समयमा शिलबन्दी दरभाउपत्र खरिद दर्ता र खोल्ने काम हुनेछ ।

११) यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख भएका अन्य कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रु (भ्याट सहित) | शिलबन्दी दरभाउपत्र फारम दस्तुर रु | धरौटी/जमानत रकम रु. |
|---|---|---|---|---|
| NDRM/01/079/80 (Health) | निशुल्क वितरणका औषधि तथा सर्जिकल सामाग्रीहरु खरीद | २७,००,०००।- | १०००।- | ७००००।- |
| NDRM/02/079/80 (Health) | मेडिकल उपकरणहरु (एक्सरे मेसिन, अल्ट्रासाउण्ड मेसिन तथा बेबी वारमर) सामाग्रीहरु खरीद | ४४,००,०००।- | १०००।- | ११५०००।- |

प्रमुख प्रशासकीय अधिकृत


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHENYANG YUANDA ALUMINIUM INDUSTRY ENGINEERING CO., LTD

पूर्व स्वीकृति मिति २०७९/०५/१७ | LT. No. : 270939 | चलानी नं.: ६०१८६७९२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Construction Carpenter | 2 | 0 | 1200 | ४१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Painter | 2 | 0 | 1200 | ४१,६७० | | | | | | | |
| 3 | Building Panter Assistant | 5 | 0 | 1000 | ३४,४७० | | | | | | | |
| 4 | Clectrician Assistant | 3 | 0 | 1000 | ३४,४७० | | | | | | | |
| 5 | Carpenter | 2 | 0 | 1200 | ४१,६७० | | | | | | | |
| 6 | Brick Layer Assistant | 3 | 0 | 1000 | ३४,४७० | | | | | | | |
| 7 | Stone Polishing Machine Operator | 1 | 0 | 1200 | ४१,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २५ गते (10th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kasturi International Service Pvt. Ltd.**
Govt. License 128/055/56
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: 977-1-4441458, 977-1-4439647, Mob: 9840804807
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROCHE BAKERIES

पूर्व स्वीकृति मिति : २०७९/०५/१७ | LT. No. 271032 | चलानी नं.६०१८६८२७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BHD | ने.रू. | | | | | | | |
| 1 | Cook General | 1 | 0 | 150 | ५०,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २५ गते (10th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**K.B. International Employment Pvt. Ltd.**
श्रम इजाजत नं. ८१४/०६५/०६६
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRANITE HOUSE FACTORY

पूर्व स्वीकृति मिति २०७९/०५/१६ | LT. No. 270832 | चलानी नं. ६०१८६६९५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Upload and download operator | 2 | 0 | 1800 | ६१,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JEDDAH TREASURES FOUNDATION FOR WATER TRANSMISSION

पूर्व स्वीकृति मिति २०७९/०५/१६ | LT. No. 270831 | चलानी नं. ६०१८६६९४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Truck Driver | 5 | 0 | 1800 | ६१,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २५ गते (10th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AG APPAREL INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१७ | LT. No. 269265 | चलानी नं. ६०१८५१८५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Workers | 10 | 0 | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : COSMO CONSULTANCY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति:२०७९/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१७ | LT. No. 269264 | चलानी नं. ६०१८५१८३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Cleaning Worker | 100 | 0 | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LENCHONG METAL WORKS SDN. BHD.

पूर्व स्वीकृति मिति:२०७९/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/१७ | LT. No. 269263 | चलानी नं. ६०१८५१८०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 100 | 0 | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २५ गते (10th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### डेंगुबाट बचौं

पछिल्लो समय काठमाडौं उपत्यकासँगै देशका विभिन्न ठाउँमा डेंगु ज्वरोका बिरामी बढेको पाइएको छ । लामखुट्टे धेरै पाइने तराई–मधेस तथा पहाडी क्षेत्रमा डेंगुको संक्रमण बढ्दै गएको छ । विशेषगरी जनघनत्व बढी भएका काठमाडौं उपत्यका, पोखराजस्ता सहरमा डेंगुका बिरामी बढिरहेका छन् ।

स्वास्थ्यकर्मीहरूका अनुसार यसपटक काठमाडौंमा डेंगुका बिरामी धेरै देखिएका छन् । जेठयता काठमाडौंमा २३३, ललितपुरमा ६२३ र भक्तपुरमा ३८ जना डेंगुका बिरामी भेटिएका छन् । साउनमा मात्रै काठमाडौंमा १९६, भक्तपुरमा ३५ र ललितपुरमा ५२३ बिरामी भेटिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक छ ।

विशेषगरी साँझ–बिहानको समयमा सक्रिय हुने 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेको टोकाइबाट डेंगुको संक्रमण फैलिने गर्छ । नेपालमा सन् २००४ मा पहिलोपटक डेंगुको बिरामी फेलापरेको थियो । त्यसयता डेंगुको संक्रमण देखिँदै आएको छ । तराई–मधेसमा बढी देखिने डेंगु २०१८ पछि भने पोखरा, काठमाडौंजस्ता पहाडी सहरमा पनि देखापर्‍यो । उपत्यकामा लामखुट्टे बढेसँगै डेंगुका बिरामी पनि बढ्न थालेका छन् । यो क्रम आज पर्यन्त छ ।

निजामती कर्मचारी अस्पतलाका निर्देशक डा. विधाननिधि पौडेलले अस्पतालमा अहिलेसम्म १९ बिरामीको उपचार भइसकेको जानकारी दिए । अस्पतालले डेंगुबाट बच्नका लागि सबै शयचामा रहेका बिरामीलाई झुल प्रयोग गर्न निर्देशन दिएको छ । तापक्रम बढेसँगै अहिलेको मौसममा सफा र जमेको पानीमा बस्ने 'एडिज एजिप्टी' र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेको टोकाइले डेंगु रोग लाग्ने गर्छ । काठमाडौं उपत्यकामा पहिलेभन्दा अहिले तापक्रम बढेकाले धेरै बिरामी देखिएका छन् । ती बिरामीबाट अन्य मानिसलाई लामखुट्टेले रोग सार्ने गरेकाले उपत्यकामा डेंगुका बिरामी बढी देखिएका छन् ।

सरुवा रोग विशेषज्ञ डा. अनुपम बाँस्तोलाका अनुसार समुदायस्तरमा १० हजार मानिस डेंगुबाट संक्रमित भए भने एक हजार जनामा लक्षण देखापर्छ । जसमध्ये ५०० जना भाइरल ज्वरोले संक्रमित हुन्छन् भने अर्को ५०० जनामा डेंगु ज्वरोका लक्षण देखिन्छन् । उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदि डेंगुका लक्षण हुन् ।

डेंगु ज्वरो सञ्चो हुने बेलामा शरीरमा राता दाग पनि देखा पर्छन् । गम्भीर प्रकृतिको डेंगु संक्रमण भएका बिरामीमा थकान महसुस हुने, गिजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार वान्ता हुने, सास फेर्न गाह्रो हुने, पेट, खुट्टा सुन्निनेजस्ता लक्षण देखापर्छन् । यस्ता लक्षण देखिएका बिरामीलाई भने तत्काल अस्पताल भर्ना गराउनुपर्छ ।

अहिलेको मौसम नै पानी जम्ने र उक्त पानीमा लामखुट्टे बढी फैलिने भएकोले डेंगुको संक्रमण देखिएको चिकित्सकहरू बताउँछन् । डेंगुबाट बच्नका लागि सर्वप्रथम हाम्रो घर, विद्यालय, बजार वरिपरि जम्मा भएको पानी हटाउनुपर्छ । सफा राख्नुपर्छ । एकैठाउँ जमेर रहेको सड्लो पानीमा डेंगु सार्ने लामखुट्टेले अण्डा पार्ने गर्छ । त्यसैले धेरै समय बाहिर खुलारूपमा पानी राख्न हुँदैन ।

डेंगुको रोकथाम गर्नु भनेको लामखुट्टेको टोकाइबाट बच्नु हो । साँझ–बिहान लामखुट्टेको टोकाइबाट बच्न सतर्क रहनुपर्छ । घरमा जालीढोका लगाउने, झुल टाँगेर सुत्ने, साँझ–बिहान सकेसम्म बाहिर ननिस्कने तर निस्कनै परे लामा बाहुला भएका लुगा लगाउने वा लामखुट्टे भगाउने क्रिम लगाएर हिँड्ने गर्नुपर्दछ ।

डेंगुबाट बच्नका लागि नागरिक तहबाट सचेत हुन त जरुरी नै सरकारले पनि आवश्यक तयारी गर्नुपर्छ । कडा खालका लक्षण देखिएका बिरामीलाई तत्काल उपचार गर्नका लागि स्रोत, साधनको पर्याप्ततालाई ध्यान दिनुपर्छ ।

# श्रमिकलाई न्याय देऊ सरकार

अनुसा थापा

ठूला चाडबाड नजिकिएसँगै न्यून आय भएकाहरूलाई खर्चको जोहो कसरी गर्ने भन्ने पीरले सताउने गर्दछ । सरकारी जागिररेहरू धमाधम किनमेल गरिरहँदा निजी कार्यालयमा काम गर्ने श्रमिकहरूले भने समयमा तलबसमेत नपाउने समस्या रहेको छ । झन् घरायसी काममा जोडिएकाहरूको चिन्ता यो भन्दा धेरै छ ।

यो वर्षको दसैं पनि नजिकिँदै छ । दसैं नजिकिँदै गर्दा फेरि उनीहरूमा सोही चिन्ताले पिरोल्न थालेको छ । निजी कम्पनी, संघसंस्था, पसल वा घरायसी काम गर्नेहरूले लामो समयदेखि तलब पाएका छैनन् । यता, सञ्चार क्षेत्रमै काम गर्नेले समेत महिनौंदेखि तलब नपाएको भनेर बेलाबखत बाहिर आउने गर्दछ । हिन्दूहरूको महान चाड दसैं नजिकिँदा तलब नपाएकाहरूमा चिन्ता बढेको हो ।

घर जानलाई खर्च जुटाउनुपर्‍यो । गाडी भाडामात्र जुटाएर पुग्दैन । घर नगइकन यतै मनाउन पनि खर्चको जोहो त गर्नैपर्छ । लत्ताकपडा, खानालगायतका लागि कसरी खर्चको जोहो गर्ने भन्ने चिन्ता उनीहरूमा बढ्दै गएको देखिन्छ ? कतिपयले तलब नपाएकै कारण कोठाबहाल तिर्न सकेका छैनन् । घरभाडासँगै खाद्यन्न पसलमा उधारो पनि खप्टिँदै गएको छ । दैनिक तिर्ने गाडीभाडा त ऋण खोजेर तिर्नुपर्ने बाध्यता छ । लाखौं सर्वसाधारण निजी क्षेत्रमा काम गरेर आफ्नो गुजारा गरिरहेका छन् । सरकारी कर्मचारीको तलब साउन १ गतेदेखि बढ्यो । सरकारले १५ प्रतिशत तलब बढायो ।

तर, निजीमा काम गर्नेको तलब बढ्नुको कुरा छोडौं, उनीहरूले मासिक तलबसमेत पाउन सकेका छैनन् । निजी क्षेत्रमा काम गर्नेहरूको तलब बढाउनुपर्छ भनेर निर्णय गरेको छैन । यता, समयमै तलब नदिएर दुःख दिनेलाई सरकारले कारबाही पनि गरेको छैन । श्रममन्त्री शेरबहादुर कुँवरले श्रमिकका लागि एउटा निर्णय पनि गर्न सकेनन् । श्रमिकको हकहितको लागि सामान्य निर्णय पनि सकेनन्, उनले । न तलब बढाउने कुरा गर्छन् न कारबाहीको । सरकारले अनिवार्य १५ हजार रूपैयाँ तलब बैंकमार्फत दिनुपर्छ भनेर कानुन बनाएको छ । जुन अहिलेसम्म पनि कार्यान्वयनमा जान सकेको छैन ।

अहिले पनि थोरै तलबमा महिनाभर खटिनुपर्ने बाध्यता निजी क्षेत्रका कामदार हरूमा छ । सरकार दरिलो नहुँदा जनताले दुःख पाइरहेको कुरा कतै लुकेको छैन । आफू पनि निर्णय गर्न नसक्ने र अरूले गरेको निर्णयसमेत लागू नगर्ने । महिनाभर छ देखि सात हजार रूपैयाँमा दलिएर काम गर्नेहरू यत्तिकै छन् । उनीहरूलाई गुजारा गर्न पनि धेरै सकस परेको छ । श्रममन्त्री कुँवर उद्योग व्यवसायी र संघसंस्थाको अगाडि लम्पसार पर्दा कामदारले सुःखको श्वास फेर्न पाएनन् । काम गर्नेहरूलाई मर्ने गरी काम त लगाइन्छ तर सोअनुसारको तलब दिने गरिएको छैन । महँगी दिनैपिच्छे उकालो लागिरहेको छ । महिनादिन पुग्न नपाउँदै घरभाडा बढ्छ ।

सार्वजनिक यातायातको भाडा पनि बढ्छ मात्रै, घट्दैन । यता, तलब भने कसैले बढाउँदैन । निजी संस्थामा कार्यरत कामदारको पक्षको किन कोही बोल्दैनन् । कि उद्योगपति र धनाढ्यहरूको मात्र श्रममन्त्री हो ? श्रममन्त्री कुँवरले जिम्मेवारी सम्हालेको दुई महिना बितिसकेको छ । तर, श्रमिकको पक्षमा उनले एउटा पनि निर्णय गरेका छैनन् । बरु, तलब थोरै दिएर श्रमिकको शोषण गर्नेहरूको कार्यक्रममा गएर उनी फूलमाला लगाउँछन् । त्यस्ता व्यक्तिलाई कारबाही गर्नुको साटो झनै अतिथि बनिदिन्छन् । मन्त्री नै शोषकीहरूको पक्षमा भएपछि श्रमिकले कसरी न्याय कसरी पाउने ? श्रमिकले कसरी सुःखको श्वास फेर्न पाउँछन् ? महँगी बढ्यो तर तलब बढेन भनेर काम गर्ने ठाउँमा चुइँक्क मुख खोल्यो भने भएको रोजगारी पनि गुमाउनुपर्छ ।

तलब नै नदिइकन काम लाउने श्रमिकलाई मनोमानी चलाउँदै रोजगारीबाट निकालेको खण्डमा कसले कारबाही गर्ने ? विभिन्न राजनीतिक पार्टीले मजदुर संगठन खोलेर व्यवसायी, संघसंस्थासँग पैसा उठाएर खाइरहेका छन् । श्रमिकमाथि यिनीहरूले पनि खेलबाड गरिरहेका छन् । उद्योग, यातायात, होटललगायत हरेक क्षेत्रमा मजदुरको ठूलो भूमिका छ । तर, उसको कामको सम्मान कसले गर्ने ? उसले आफूले काम गरेअनुसार तलबसमेत पाउन सकेको छैन । घरायसी काम गर्ने दिदीबहिनीको संख्या पनि उत्तिकै छ । उनीहरूलाई पनि एकदमै न्यून तलब दिइएको छ । बिहानदेखि काममा खटिन्छन् तर घरभाडा तिर्न पुग्ने तलब पाउँदैनन् । श्रमिकहरूले आफ्नो लागि पनि सरकार छ भनेर कहिले अनुभूति गर्न पाएनन् ।

मजदुरहरूलाई काम लगाउने व्यक्तिहरू अर्बपति भए । तर, मजदुरहरू आफ्नो स्थानबाट कहिल्यै माथि उठ्न सकेनन् । मालिकहरूले आफ्नो छोरीछोरी पढाए, मिठोमसिनो खाए, सम्पत्ति जोडे । तर, मजदुरले न पेटभरि खान पाए । बिरामी हुँदा उपचार गर्नका लागि उनीहरूसँग पैसासमेत हुँदैन । आज पनि कतिपय कामदारका छोराछोरी पढ्नबाट वञ्चित छन् । झुत्रो चप्पल र फाटेको लुगा लगाएर उनीहरू काममा खटिएका छन् । मजदुरको नाम बेचेर कति मन्त्री बने । मजदुरकै नाम लिएर आज अर्बौंका मालिक बने । तर, मजदुरको जीवनमा केही परिवर्तन आएन । उनीहरू हिजो जहाँ उभिएका थिए आज पनि त्यहीँ छन् । उनीहरूलाई माथि आउन कसैले सहयोग गरेनन् ।

मुलुकको राजनीति परिवर्तन गर्न मजदुरहरूले दिएको योगदान ठूलो छ । मुलुकमा अहिले जति पनि विकास भएको छ यसमा मजदुरहरूको ठूलो भूमिका छ । तर, राजनीतिक दलले मजदुरबाट भोट लिए आफू सत्तामा पुगे । सरकारले पनि नागरिकता बाँडेर कर उठाउने कामबाहेक अरू केही गरेन । मजदुरले बनाएको सामानको भाउ हप्तापिच्छे नै बढ्छ । तर, सामान बनाउने मजदुर तलब वर्षौंदेखि बढेको छैन । श्रममन्त्री कुँवर मजदुरको तलब बढाउन ध्यान दिँदैनन् । प्रधानमन्त्रीले चासो देखाउँदैनन् । सरकारले १५ प्रतिशत तलब बढाउँदा पनि कम भयो भनेर सरकारी कर्मचारीहरू आन्दोलनमा उत्रिन्छन् । तलब नपुगेर घुस पनि खान्छन् । जनता र राष्ट्रको हित हुने नभई आफ्नो फाइदा हुने काम मात्र गर्छन् ।

निजी संस्थामा काम गर्नेहरू न्यून तलबमा काम गरिरहेका छन् । तर, उनीहरू आजसम्म सडकमा ओर्लिएका छैनन् । आफ्नो जागिर जाने डरले उनीहरू मौन बसेका हुन् । धैर्यताका साथ उनीहरू मुख थुनेर बसेका छन् । तर, सरकारी कर्मचारीहरू दिनैपिच्छे काम छोडेर सडकमै देखिन्छन् । काम नगर्ने राम्रो बहाना बन्द, हड्ताल र विरोध हो । यसलाई हतियार बनाएर सरकारी कर्मचारीहरू सरकारलाई घुँडा टेकाउँछन् । तलब बढेन भनेर निजी कार्यालयमा काम गर्नेहरू आजसम्म राजनीतिक दलको ढोका ढकढक्याउन गएका छैनन् । साहुले बढायो भने ठीकै छ भनेर हात थाप्ने चलन उनीहरूमा छ । सरकारी कर्मचारीहरू बजेट भाषण आउनुअगावै राजनीतिक दलहरूको ढोकामा पुग्छन् । तलब बढाउनुपर्‍यो भनेर सर्वत्र धाउँछन् । सरकारी कर्मचारी र निजी कर्मचारीमा आकाशपातलको फरक छ ।

काममा ढिला आउने, गफ ठोकेर बस्ने र काम गर्न मन लागेपछि आन्दोलन गर्ने सरकारी कर्मचारीहरूको प्रवृत्ति हो । जनताको पीर मर्का उठाउने सञ्चारकर्मीहरू पनि यस विषयमा मौन छन् । कतिपय सञ्चारकर्मी आफैंले पनि तलब पाएका छैनन् । उनीहरू आफू कार्यरत संस्थाको विरोध गर्नबाट पछि हटेका छन् । अरूको कुरा उठाउने तर आफ्नोचाहिँ भित्रभित्रै दबाएर राख्ने । पहिले आफ्नो घरबाट सुधार गर्‍यो भनेमात्र समाज सुधारिन्छ । सञ्चारकर्मीहरूको हकहितमा बोल्नका लागि नेपाल पत्रकार महासंघ छ । पत्रकार महासंघले तलब नपाउने सञ्चारकर्मीहरूको पक्षमा बोल्नुपर्छ ।

> नियमित समयमा तलब नपाउँदा मजदुरहरूलाई बिहान बेलुका छाक टार्न पनि धौधौ परेको छ । उद्योगपति, व्यापारी र संघसंस्थाको अगाडि सरकार किन निरीह बनिरहेको छ ? जसले इमान्दारिताका साथ काम गरिरहेको छ उही नै ठगिनुपरेको छ । काम लगाउने संघसंस्थाले श्रमिकलाई ठगिरहेको छ । त्यसैले सरकारले तत्काल हस्तक्षेप गरेर श्रमिकहरूलाई न्याय दिनुपर्छ ।

श्रमशोषण गर्ने हरेक व्यक्तिलाई कारबाही हुनुपर्छ । कसैको रगतपसिना त्यतिकै पचाउन पाइँदैन । मजदुरहरूको तलब कसले बढाइदिने ? संघ, प्रदेश वा स्थानीय कुन सरकारले यसको जिम्मा लिने ?

नियमित समयमा तलब नपाउँदा मजदुरहरूलाई बिहान बेलुका छाक टार्न पनि धौधौ परेको छ । उद्योगपति, व्यापारी र संघसंस्थाको अगाडि सरकार किन निरीह बनिरहेको छ ? जसले इमान्दारिताका साथ काम गरिरहेको छ उही नै ठगिनुपरेको छ । काम लगाउने संघसंस्थाले श्रमिकलाई ठगिरहेको छ । त्यसैले सरकारले तत्काल हस्तक्षेप गरेर श्रमिकहरूलाई न्याय दिनुपर्छ । तर, सरकारले आजसम्म सुनुवाइ गरेको छैन । अब हरेक कामदारले आ-आफ्नो ठाउँबाट आफूमाथि भएको शोषणविरुद्ध आवाज उठाउनुपर्छ । निजी क्षेत्रका कामदारहरू एक भएर आवाज उठाए सरकारले सुन्ला कि !

## मननयोग्य

### विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो । मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एव्म प्यारो साथी हुन् । अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ । यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१. सन्धि - शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनुदिनुको सम्झौता गर्नु ।
२. विग्रह - शत्रु वा अरु विर्धमी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु ।
३. यान - शत्ररलाई आक्रमण गर्नु ।
४. आसन - उत्तेजित पार्ने खालको शत्ररको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु ।
५ द्वैधीभाव - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ ।

क्रमशः

## पत्र–मञ्जुषा

### विदेशी भित्र्याउन पर्यटकमैत्री वातावरणको खाँचो

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले २०२३-३३ लाई 'नेपाल भ्रमण दशक'का रूपमा मनाउने घोषणा गरेका छन् । यसका लागि उनले ७३ बुँदे कार्यविधिसमेत सार्वजनिक गरिसकेका छन् । तर, उनले बनाएको कार्यविधिले पर्यटन तान्न सक्ला त ? किनकि, विदेशीहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिनेबित्तिकै ठगिन सुरु हुन्छ । विमानस्थलमा सञ्चालित हरियो प्लेटको ट्याक्सीले विदेशी भन्नेबित्तिकै ठमेल पुर्‍याएको पाँच हजार असुल्छन् ।

मिटरमा जाने हो भने ५०० रूपैयाँ तिरे पुग्ने बाटो हो । होटल व्यवसायीलेसमेत विदेशीसँग जतिसक्दो धेरै रकम असुल्ने गरेका छन् । होटल हेरेर खाएको र बसेको पाँचदेखि २० हजार रूपैयाँसम्म लिने गरिएको छ । यता, विदेशी घुमाउने नेपाली गाइडको पनि प्रवृत्ति उही छ । विदेशीहरू सार्वजनिक बस चढ्दैनन्, मिटरजडित ट्याक्सी चढ्छन् । कालो प्लेटको ट्याक्सीले हजार रूपैयाँमा पुग्ने बाटोमा पाँच हजार ठोकिहाल्छ । सामान्य माला बेच्नेबाट पनि उनीहरू ठगिएका छन् ।

विदेशी ठग्ने व्यवसायीलाई कारबाही गर्नुको सट्टा पर्यटनमन्त्री श्रेष्ठ भ्रमण वर्ष मनाउन लागिपरेका छन् । बेथिति हटयो भने विदेशी आफैं ओइरिहाल्छन् । त्यसो त पर्यटनमन्त्री आफैं पनि व्यापारीको पक्षपोषणमा लागेको पाइन्छ । सर्वप्रथम विदेशी लुट्ने हरेक व्यवसायीलाई कारबाही हुनुपर्छ । जरिवाना गरिनुपर्छ । राम्रो र गुणस्तरीय वातावरणको प्रबन्ध मिलाउनुपर्छ । यसो गरियो भने विदेशी तान्नका लागि छुट्टै कार्यविधि बनाउनै पर्दैन । अहिले सरकारले 'एक विदेशी, एक नेपाली' भन्ने अवधारणा अघि सारेको छ ।

नेपालमा भएको महँगी र ठगीले गर्दा विदेशीहरू भिसा छोटयाएर धमाधम आफ्नो मुलुक फर्किरहेका छन् । भिसा बाँकी भए पनि उनीहरू आफ्नै मुलुक फर्किन चाहन्छन् । होटलमा बस्छन्, खान्छन् तर त्यो सरकारले तोकेको होइन । होटल व्यवसायी आफैंले मनलाग्दी रेट तोकेका छन् । खानेकुरा गुणस्तरीय छ कि छैन ? यता, उनीहरू सुत्ने बेड कस्तो छ ? यसको पनि निरीक्षण हुन सकेको देखिँदैन । सरकार अनुगमन नगर्ने अनि विदेशीलाई बोलाएर ठग्न दिने ?

सरकारले खानेकुराको रेट तोकिदिने हो भने ठूला होटलमा नेपाली पनि गएर खान सक्छन् । बेडको रेट पनि सरकारले तोकिदिनुपर्छ । यस्तो भयो भने विदेशी पर्यटक नआउँदा नेपाली ग्राहकहरूबाटै पनि होटलको व्यवसाय धान्न सक्छ ।

बैंक, फाइनान्सबाट ऋण लिएर अर्बौं लगानीमा होटलहरू खुलेका छन् । विदेशी पर्यटक आएनन् भने ती होटलहरू डुब्ने पक्का छ । त्यो भनेको बैंकहरूको लगानी डुब्नु हो । बैंकमा जनताले राखेको पैसा डुब्नु हो । त्यसैले एउटा होटल डुब्दा बैंकदेखि समग्र अर्थतन्त्रमा पार्ने समस्याबारे सरोकारवाला र सरकार समयमै सचेत बन्न आवश्यक छ ।

अर्को प्रमुख समस्या हो यातायातको असुविधा । उपत्यकाबाहिर ढंगको सवारीसाधन नहुँदा टाँगा, रिक्सामा यात्रा गर्नुपर्ने बाध्यता छ । राजधानीबाहेक अन्य जिल्लामा ट्याक्सी पनि पाइँदैन । अनि विदेशीलाई अर्को सास्ती ।

अर्कोतिर, घुम्न जाने क्रममा कति विदेशी नागरिकको अकालमा ज्यानसमेत गुमेको छ । गाइडहरूले जोखिमपूर्ण ठाउँमा यात्रा गराउँदा दुर्घटनामा परेर पर्यटकको मृत्यु हुने गरेका छन् । कतिपय अझै पनि बेपत्ता छन् । विदेशीहरू नेपालमा मर्न आएको कि घुम्न ? त्यत्रो खर्च गरेर नेपाल आएका विदेशीको ज्यानको सुरक्षा गर्न सरकार चुकेको छ । विदेशीहरू मठमन्दिरमा दर्शन गर्न पुग्छन्, त्यहाँ पनि माग्नेहरूले धुरुक्कै रुवाउँछन् ।

उपत्यका होस् या बाहिर, सबैतिर घनाबस्ती ह्वात्तै बढेको छ । जसका कारण फोहोर व्यवस्थापनमा चुनौती खडा भएको छ । काठमाडौं मात्र नभई अन्य क्षेत्रमा पनि फोहोर व्यवस्थापन गर्न निकै सकस भइरहेको छ । सडकमा फोहोर हेरेर नेपालीलाई त हिँड्न गाह्रो परिरहेको बेला विदेशीहरूले के सोच्ला ?

यी समस्याहरू समाधानतर्फ सरकारले ध्यान दिनुपर्छ । भ्रमण दशक घोषणा गरेर मात्र पर्यटक आउनेवाला छैन । पर्यटकका लागि सुविधा दिने कुरामा पहिले काम गर्नुपर्‍यो, अनिमात्र पर्यटक आउने वातावरण बन्छ । अन्यथा भ्रमण दशक घोषणामै सीमित हुने निश्चित छ ।

*–रामचन्द्र श्रेष्ठ, पाटन, ललितपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया उचबदजबदमबर्षथि२क्कबषीअफ मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

मन्त्री खापुङको आग्रह–

# सरकारी अस्पतालमा उपचार गराउनूस्

**काभ्रेपलाञ्चोक (प्रस)-** स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानीप्रसाद खापुङले नागरिकलाई सरकारी अस्पतालमा उपचार गराउन आग्रह गरेका छन् ।

उनले जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकद्वारा शुक्रबार धुलिखेलमा आयोजित 'जिल्लाको स्वास्थ्य क्षेत्रको वर्तमान अवस्था र भावी कार्यदिशा' विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रममा निजी अस्पतालमा गम्भीर प्रकृतिका रोगको उपचार गर्दा धेरै खर्च हुने अवस्थाबाट जोगिन सरकारी अस्पतालमा उपचार गर्न आग्रह गरेका हुन् ।

'घातक रोग लागेका बिरामी निजी अस्पतालमा जाने पैसा, सम्पत्ति सबै सक्ने र पछि सरकारी खोज्ने गरेको धेरै पाइयो, यसो नगर्नूस् सुरुमै उपचार गर्न सरकारी अस्पताल जाने बानी बसाल्नूस्,' मन्त्री खापुङले भने । उनले आफूले निजी अस्पताललाई दूरुत्साउन नगरेको उल्लेख गर्दै सक्ने हैसियत भएका मात्रै निजी अस्पतालतिर उपचार गर्न जानसक्ने बताए ।

मन्त्री खापुङले सरकारले प्रत्येक वडामा स्वास्थ्य चौकी, प्रत्येक पालिकामा पाँचदेखि १५ शयचासम्मको अस्पताल निर्माण भइरहेको र गम्भीर प्रकृतिका बिरामीलाई मासिक पाँच हजार रूपैयाँ दिइरहेको स्मरण गराए । उनले भने, 'अब जिल्लालाई हरेक क्षेत्रमा नमूना बनाउने जिम्मा जिसस पदाधिकारी र स्थानीय जनप्रतिनिधिकै हो, स्वास्थ्य क्षेत्रमा सबै मिलेर वार्षिक कार्यक्रम निर्माण गरी काम लाग्नुहोस्, यसपछि नागरिकले सवल स्वास्थ्य सेवाको महसुस गर्ने छन् ।'

# सुदूरपश्चिम प्रदेशसभाको बजेट अधिवेसन अन्त्य

**सुदूरपश्चिम (प्रस)-** सुदूरपश्चिम प्रदेशसभाको जारी १० औं अधिवेसन (बजेट अधिवेसन) शुक्रबार राति १२ बजेदेखि अन्त्य भएको छ। शुक्रबार बसेको प्रदेशसभाको बैठकमा सभामुख अर्जुनबहादुर थापाले प्रदेश प्रमुखको कार्यालयबाट अधिवेसन अन्त्य गरिएकोसम्बन्धी पत्र वाचन गर्दै जारी १० औं अधिवेसन अन्त्य गरिएको जानकारी दिए ।

शुक्रबारको बैठकले 'सुदूरपश्चिम प्रदेश सवारी तथा यातायातसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक'पारित गरेको छ। बैठकमा सामाजिक विकास समितिकी सभापति कुन्ती जोशी, सार्वजनिक लेखा समितिकी सभापति कुमारीनन्दा बम, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति हर्कबहादुर कुँवर विधायन तथा प्रदेश मामिला समितिका सभापति नेपालु चौधरीले आ-आफ्नो समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

पाँच वर्षअघि भएको निर्वाचनपछि गठन भएको पहिलो प्रदेशसभाको कार्यकालको यो अधिवेसन अन्तिम हो । बैठकमा समसामयिक विषयमा बोल्दै मुख्यमन्त्री त्रिलोचन भट्टले गएको साढे चार वर्षको कार्यकालमा प्रदेश सरकार संघीय व्यवस्थालाई स्थापित गर्न सफल भएको बताए । उनले भने, 'सुरुको अवस्थामा आवश्यक कानुन र कर्मचारीको अभावका कारण सोचेजति काम गर्न नसके पनि त्यसपछिको समयमा महत्त्वपूर्ण काम भएका छन् ।' संघीय व्यवस्था सहरमा होइन गाउँमा खोज्न जरुरी रहेको भन्दै उनले संघीय व्यवस्थाका विरोधी तत्त्वप्रति सचेत भएर काम गर्नुपर्ने बताए ।

## राष्ट्रपतिको ...

पृष्ठ १ बाट जारी

नौ बुँदे सन्देशसहित विधेयक फिर्ता गरेकी थिइन् ।

राष्ट्रपतिबाट फिर्ता आएको सो विधेयक यही भदौ २ गते प्रतिनिधिसभाबाट विनासंशोधन पुनः बहुमतबाट पारित भएको थियो । प्रतिनिधिसभामा उपस्थित १९५ सांसदमध्ये उक्त विधेयक पारित गर्ने पक्षमा १३५ र यथास्थितिमा विधेयक पारित गर्न नहुने पक्षमा ६० मत परेको थियो ।

**अब प्रमाणीकरण होला ?**

राष्ट्रपति भण्डारीले विभिन्न नौ बुँदामा पुनर्विचार गर्न सन्देश पठाए पनि प्रतिनिधिसभा र राष्ट्रिय सभा दुवैबाट कुनै संशोधनविना हुबहु पारित भएको छ । यससँगै अब पुनः प्रमाणीकरणका लागि विधेयक राष्ट्रपतिसमक्ष पेस हुने छ ।

नेपालको संविधानमा राष्ट्रपतिले संसद्बाट प्रमाणीकरणका लागि आएको विधेयक एक पटकमात्र फिर्ता गर्न पाउने व्यवस्था छ। त्यसअनुसार अब राष्ट्रपतिले विधेयक प्रमाणीकरण गर्नैपर्ने बाध्यता रहेको कानुनविदहरू बताउँछन् । यसबीचमा राष्ट्रपतिले सत्तारुढ तथा प्रतिपक्षी दलका शीर्ष नेताहरूसँग पनि छलफल गरेकी थिइन् । सत्तारुढ दलका नेताहरूसँगको छलफलमा उनले आफ्नो सन्देशमाथि कुनै सुनुवाइ नभएको भन्दै असन्तुष्टि व्यक्त गरेकी थिइन् । आफूले सन्देशसहित फिर्ता गरेको विधेयक जस्ताको तस्तै पारित भएर पुनः प्रमाणीकरणका लागि पेस हुँदा राष्ट्रपति भण्डारीले कस्तो कदम चाल्छिन् त्यो केही दिनमै थाहा हुनेछ । प्रमाणीकरणका लागि पेस भएको १५ दिनभित्र राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरिसक्नुपर्छ ।

राष्ट्रपति भडारीले आफ्नो सन्देशमा वैवाहिक अंगीकृत, प्रादेशिक पहिचान, महिलाको आत्मसम्मानलगायत विषय उल्लेख गर्दै नागरिकता विधेयकलाई पुनर्विचार गर्न भनेकी थिइन्। राष्ट्रपति भण्डारीले नागरिकता कानुन बनाउँदा ऐतिहासिक पक्षहरूको समग्र अध्ययन गर्न आवश्यक रहेको र नागरिकताका सिद्धान्तहरूको खोजी हुनुपर्ने सन्देशमा उल्लेख गरेकी थिइन् । त्यस्तै, वैवाहिक अंगीकृत नागरिकताको विषयलाई स्थायीरूपमा समाधान गर्नुपर्ने, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले तयार पारेको नागरिकता विधेयकको प्रतिवेदनमा पनि ध्यान जानुपर्ने राष्ट्रपतिको भनाइ थियो ।

त्यस्तै, राष्ट्रपतिभण्डारीले आमाको नामबाट प्राप्त हुने नागरिकतामा बाबु नभएकोबारे आमाले स्वघोषणा गर्ने प्रस्ताव विधेयकमा रहेकोबारे पुनर्विचार हुनुपर्ने उल्लेख गरेकी थिइन् । मुलुक संघीयतामा गएको अवस्थामा नागरिकतामा प्रादेशिक पहिचान पनि स्पष्ट हुनुपर्ने राष्ट्रपतिको भनाइ थियो ।

## कक्षा १२ ...

पृष्ठ १ बाट जारी

२५ गतेसम्म परीक्षा सञ्चालन गरेको थियो ।

यस वर्ष परीक्षा उत्तीर्ण हुनका लागि प्रयोगात्मक परीक्षामा ४० र सैद्धान्तिक परीक्षामा ३५ प्रतिशत ल्याउनैपर्ने व्यवस्था गरिएको उनले जानकारी दिए । त्योभन्दा कम अंक ल्याएको खण्डमा पुनःपरीक्षा दिनुपर्ने बोर्डले जनाएको छ ।

बोर्डले यसवर्षको नतिजामा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने एक लाख ३० हजार ८७८ परीक्षार्थीका लागि आउँदो असोज ३० र ३१ गते परीक्षा सञ्चालन गर्ने गरी शुक्रबार नै परीक्षा तालिकासमेत सार्वजनिक गरेको अध्यक्ष डा. शर्माले जानकारी दिए ।


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AROMA SALOON

पूर्व स्वीकृति मिति : २०७९/०५/१७    LT. No. 270938    चलानी नं.६०१८६७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 150 | ५०,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २५ गते (10th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२८६/०७४/०७५

**Fishtail Overseas Pvt. Ltd.**

Tokha, Samakhusi-29, Kathmandu, Nepal Tel : +977-1-4386382, 4389757, Mob: 9803003599
Email:fishtailoverseas508@gmail.com, Web: www.fishtailjobs.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DYNAMIC TRANSFORMS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१७    LT. No. 270716    चलानी नं. ६०१८६८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २६ गते (11th Sep. 2022) मा हुनेछ ।

